का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ फागुन २०८०,
मंगलबार
27 February 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# संसद भवन छिरे लघुवित्त पीडितहरु



सडकबाट उठाउँदै आएको आवाज जनप्रतिनिधिले नसुनेको गुनासो गरिरहेका लघुवित्त पीडितहरु सोमबार संसद भवन परिसरभित्रै छिरे । उनीहरुले 'आफूहरुलाई कि न्याय देऊ, अन्यथा गोली हानेर मारिदेऊ' भनेर नाराबाजी गरे । सुरक्षा निकायका अधिकारीहरुका अनुसार संसदमा यो हदको प्रवेश पहिलो पटक भएको हो ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

सोमबार प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठक चलिरहेका बेला नयाँ बानेश्वरस्थित संघीय संसद् भवन परिसरमै छिरेर लघुवित्तका पीडितहरुले नाराबाजी गरेका छन् । सडकबाट उठाउँदै आएको आवाज जनप्रतिनिधिले नसुनेको गुनासो गरिरहेका लघुवित्तका पीडितहरु सोमबार संसद् भवन परिसरमै छिरेका हुन् । उनीहरुले 'आफूहरुलाई कि न्याय देऊ, अन्यथा गोली हानेर मारिदेऊ' भनेर नाराबाजी गरेका थिए ।

चर्को ब्याजदर, महँगो सेवा शुल्क, झञ्झटिलो किस्ता भुक्तानी प्रक्रियाविरुद्ध आवश्यक कानुन बनाएर न्याय दिलाइदेऊ भन्दै पीडितहरु संसद भवन परिसर छिरेका हुन् । सुरक्षा निकायका अधिकारीहरुका अनुसार संसदमा यो हदको प्रवेश पहिलो पटक भएको हो ।

सरकारले संघीय संसद् वरपरको क्षेत्रलाई निषेधित क्षेत्र तोकेको छ । जहाँ प्रदर्शन गर्न निषेध गरिएको छ । माइतीघर मण्डलामा समेत निषेधित क्षेत्र तोकिएको छ । यो क्षेत्रमा प्रदर्शन गर्नेहरु पक्राउ परिरहेका बेला सोमबार लघुवित्त पीडितहरु संसद् भवन परिसरमै छिरेका हुन् । यसलाई कतिपयले सुरक्षाका दृष्टिले समेत हेरेका छन् । संघीय संसदभित्र प्रवेश पास विना जान दिइँदैन् । उच्च सुरक्षा सतर्कता अपनाइएको हुन्छ । संसद् भवनमा प्रहरीको स्पेसल टास्क फोर्स खटाउने गरिन्छ ।

तर लघुवित्तको ऋण तिर्न नसकेर समस्यामा परेका र महिना दिनसम्म पैदल हिंडेर काठमाडौंमा आन्दोलन गर्न आएका मानिसहरु संसद् भवनभित्रै प्रवेश गरेपछि सुरक्षाको कोणबाट कतिपयले प्रश्न उठाएका हुन् । उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रमुखहरूलाई सिंहदरबारमा बोलाएर छलफल नै गरे । सोमबारको घटना छानबिन गर्न उपत्यका प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीको नेतृत्वमा समिति गठन गरिएको छ ।

संसद् भवनको सुरक्षार्थ खटिएका प्रहरी निरीक्षकसहितको टोलीलाई पनि प्रहरी प्रधान कार्यालय »» पृष्ठ २ मा

# कागजात हराएर हैरान पर्यटक

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

सन् २०२३ मा नेपाल घुम्न १० लाख १४ हजार ८ सय ८५ जना पर्यटक आएका थिए । तर पर्यटकलाई सहजीकरण र सुरक्षाका लागि भनेर खटिएको पर्यटक प्रहरीको संख्या देशभर मात्र दुई सय ३९ रहेको छ । 'पर्यटकको सुरक्षाका लागि पर्यटक प्रहरी' नाराको दिएको पर्यटक प्रहरीले जनशक्ति र भौतिक पूर्वाधारको अभाव खेपिरहेको छ ।

२०३५ माघ १२ गते स्थापना भएको पर्यटक प्रहरीमा अहिले आफ्नो भवन छैन । भृकुटीमण्डपमा रहेको पर्यटन बोर्डले भवनको एक छेउमा पर्यटक प्रहरीको केन्द्रीय कार्यालय छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन विभाग मातहत पर्यटन प्रहरीले काम गर्दै आएको छ । नेपाल प्रहरीको संरचना अन्तर्गत विभिन्न विभाग अन्तरगत पर्यटन प्रहरीले काम गरिहेको छ । नेपालको १५ जिल्लाका २९ स्थानमा पर्यटन प्रहरी पोस्ट छन् । काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्रै १० स्थानमा पोस्ट छन् भने काठमाडौं बाहिर मात्र १० स्थानमा पर्यटन प्रहरीको पोष्ट राखिएको छ । सरकारले पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने भन्ने पनि जनशक्ति, स्रोत र साधनको अवस्था नहुँदा पर्यटन प्रहरीको उपस्थिति न्यून देखिन्छ ।

## पासपोर्ट हराउने समस्या


नेपालमा घुम्न आउने विदेशी पर्यटकहरुको काजगपत्र हराएको उजुरी बढेको छ । पर्यटन प्रहरी इकाइ कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ मा १ सय २२ जनाले कागज पत्र हराएको उजुरी दिएका थिए भने आर्थिक वर्ष २०७९/८० मा तीन सय ४५ जनाले कागजपत्र उजुरी हराएको उजुरी गरेका थिए । यस्तै चालु आर्थिक वर्षको हालसम्म तीन सय ७ वटा उजुरी दर्ता भएका छन् । दर्ता भएको उजुरी मध्ये सबैभन्दा धेरै कागजपत्र हराएको उजुरी परेका रहेको कार्यालयले जनाएको छ ।

पर्यटन प्रहरीमा चालु आर्थिक वर्षमा २१८ वटा उजुरी कागजपत्र हराएका छन । यस्तै ४६ जना पर्यटकले आफ्नो समान चोरी भएको उजुरी गरेका छन् भने १६ जना पर्यटनले आफूलाई दुर्व्यवहार र विवाद भएको भन्दै उजुरी गरेको पर्यटक प्रहरी इकाईका डिएसपी नरेन्द्र कुँवरले जानकारी दिए । डिएसपी कुँवर भने 'नेपाल आउने विदेशी पर्यटकहरु अत्याधिक मदिरा सेवन गर्ने, लागुऔषधमा फसेका पर्यटकले होस् गुमाउँदा आफ्नो काजगपत्र हराएको घट्ना बढी देखिएको छ ।' अध्यागमनले मानसिक समस्या भएको कतिपय पर्यटक आउँदासमेत नरोक्दा कागजपत्र बढी हराउने गरेको उनले बताए ।

त्यस्तै ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले भने 'पछिल्लो समय मानसिक समस्या भएका विदेशी पर्यटक ठमेलमा नाङ्गै हिड्नेदेखि होहल्ला गरेको पाइन्छ । त्यस्ता पर्यटक महिनामै १/२ देखिन्छन् । ठमेलमै पर्यटक प्रहरी उपस्थिति न्यून हुँदा कतिपय मानसिक समस्या भएका पर्यटकले बाटो हिड्नेदेखि पर्यटन व्यवसायीलाई समेत समस्या दिने गरेका छन् ।'

'नेपाल आउने पर्यटक अधिकांश ठमेल आइपुग्छन्, तर पर्यटन प्रहरीको उपस्थित न्यून हुँदा ठमेलमा कुनै घटना हुँदा समेत प्रहरी तत्काल पुग्न सक्दैन', ठमेलका पर्यटन व्यवसायी नवराज खड्काले भने 'म सिंगापुर घुग्न जाँदा »» पृष्ठ २ मा

# अस्ताए भजन शिरोमणि



**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

वरिष्ठ गायक तथा संगीतकार भक्तराज आचार्यको निधन भएको छ । भजन शिरोमणिको समेत उपाधि पाएका उनको सोमबार अपराह्न ८२ वर्षको उमेरमा निधन भएको हो ।

वरिष्ठ गायक तथा संगीतकार आचार्यलाई उपचारका लागि ललितपुरको मेडिसिटी अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको संगीतकार चेतन सापकोटाले जानकारी दिए । अचानक अक्सिजनको मात्रा घटेपछि उनलाई अस्पताल लगिँदै थियो ।

१९९९ सालमा धनकुटामा जन्मिएका आचार्यको नेपाली सुगम संगीतमा विशिष्ट स्थान छ । उनी स्वर सम्राट नारायणगोपालका समकालीन गायक हुन् । आचार्यले 'मुटु जलिरहेछ', 'जति चोट दिन्छौं', 'जहाँ छन् बुद्धका आँखा', 'हजार सपनाहरूको', 'माया मेरी साँझ बिहान', 'हजार आँखा हेर्ने' लगायत करिब चार सय गीतमा आवाज दिएका छन् । २०४६ सालमा दुर्घटनामा परेपछि आचार्यले आफ्नो स्वर गुमाएका थिए ।

गायक आचार्यको पार्थिव शरीरलाई मंगलबार बिहान ९ बजे संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको परिसरमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिने संगीतकार सापकोटाले बताए । गायक आचार्यका दुई छोरा सत्यराज र स्वरूपराज पनि सांगीतिक क्षेत्रमै छन् ।

उनको जीवनीमा आधारित भएर फिल्म 'आचार्य' बनेको छ । ११ वर्ष अगाडि निर्माण भएको फिल्ममा उनकै जेठा छोरा सत्यराजले मुख्य भूमिका निर्वाह गरेका छन् । आचार्यको निधनप्रति संगीतकर्मी, सर्वसाधारणदेखि राजनीतिक दलका नेताहरुले श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् ।

## वैदेशिक रोजगार विशेष

### रोजगारदाताको खर्चमा जापानमा कामदार पठाउने कार्यविधि सार्वजनिक

# योग्य कामदार निःशुल्क जापान जान पाउने अवसर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जापानमा सीपयुक्त कामदार पठाउने कार्यविधि सार्वजनिक गरेको छ । श्रम, रोजगार सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले जापानसँग सन् २०१९ को मार्चमा भएको मेमोरेण्डम अफ कोअपरेशन अन्तर्गत गत माघ २५ गते स्वीकृत गरेको कार्यविधि मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो ।

सार्वजनिक कार्यविधिअनुसार स्पेसिफाइड स्किल्ड वर्कर (एसएसडब्ल्यू) प्रणालीअन्तर्गत नेपाली म्यानपावर कम्पनीहरुले रोजगारदाताहरुबाट सेवा शुल्क लिएर निःशुल्करुपमा कामदार पठाउनुपर्ने छ । नेपाली कामदारको भर्ना, जापानी भाषा परीक्षा तथा सीप परीक्षणका लागि जापानी पक्षलाई सहजीकरण गर्न वैदेशिक रोजगार विभागअन्तर्गत एउटा छुट्टै इकाइ रहने व्यवस्था छ ।

कार्यविधिअनुसार एसएसडब्ल्यू प्रणालीअन्तर्गतको मापदण्ड पूरा गरेका म्यानपावर कम्पनीहरुले कामदार पठाउन पाउनेछन् । यस्तै भाषा र सीपका लागि प्रचलित मापदण्डबमोजिम आफ्नो स्वामित्वको तालिम केन्द्र वा पूर्णकालीनरुपमा उपयोग गर्न सकिने गरी करार सम्झौता गरिएको तालिम केन्द्र हुनुपर्ने प्रावधान छ । तालिम केन्द्रमा जापानी भाषा पढाउन सक्ने तालिम तथा प्रमाणपत्र प्राप्त कम्तीमा दुई जना भाषा प्रशिक्षक, नेपाली कामदारको माग प्रमाणीकरण र अन्य कल्याणकारी कार्य गर्न जापानमा दर्ता शाखा कार्यालय वा यससम्बन्धी काम गर्न अनुमतिपत्र पाएको रजिष्टर्ड सपोर्ट अर्गनाइजेसनसँग नेपाली कामदारसँग कुनै शुल्क नलिने सम्झौता गरेको हुनुपर्ने प्रावधान कार्यविधिमा राखिएको छ ।

भाषा तथा सीप प्रदान गर्न जापानी रोजगारदाताले नेपालमै आएर तालिम लिने वा जापानी भाषा वा विशिष्टिकृत सीप तालिम केन्द्र पूर्णकालीनरुपमा प्रयोग गर्ने सम्झौता गरेको हुनुपर्ने प्रवधान पनि कार्यविधिमा छ ।

एसएसडब्ल्यू प्रणाली अन्तर्गत जापान जान चाहने नेपाली कामदारले मान्यता प्राप्त संस्थाबाट भाषा परीक्षा र सीप परीक्षा अनिवार्यरुपमा उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था गरिएको छ । मागपत्र प्रमाणित भएर आएपछि म्यानपावर कम्पनीले कमतीमा १५ दिनको समय राखेर माग भइ आएको मागपत्रमा रोजगारीको पद, माग संख्या, पेशागत क्षेत्र, स्वास्थ्य तथा सुरक्षाको जोखिम, »» पृष्ठ २ मा

## न्युजिल्याण्ड र कतारका नाममा ठग्ने तीन पक्राउ

**काठमाडौं/मस**– वैदेशिक रोजगारीका लागि कतार र न्युजिल्याण्ड पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । प्रहरीले विनोद चौरेललाई वैदेशिक रोजगारीका लागि कतार पठाइदिन्छु भनि २ लाख ७० हजार रुपैयाँ लिएर ठगी गरेको उजुरीका आधारमा काठमाडौंको टोखा बस्ने रोशनी राणालाई पक्राउ गरेको छ । उनलाई प्रहरीले काठमाडौंको बुढानिलकण्ठको फैकाबाट पक्राउ गरेको हो ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि न्युजिल्याण्ड पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले लमजुङ दोर्दी घर भइ हाल काठमाडौंको चण्डोल बस्ने रेशम गुरुङ र रोशनी गुरुङलाई पनि पक्राउ गरेको छ । गुरुङद्वयले सुरेन्द्र गिरीलाई »» पृष्ठ २ मा




UAE मा PSBD तथा DPS Security Guard हरूको लागि रोजगारको अवसर

कम्पनी : HAWK SECURITY SERVICES (L.L.C) | शहर : UAE
पुर्व स्वीकृत मिति: २०८०/११/१३ | चलानी नं.: ६०२१५४८२ | LT. No.:300603

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - Sira | 50 | 25 | | 1200 | ४३२६० | | | | | | | |
| 3. | Cleaner | 50 | 25 | | 800 | २८८४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २२ गते (5 March 2024) मा हुनेछ ।

PSBD को हकमा AED 2000 र Overtime Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ Ex Army & Ex Police मा अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।
★ कम्तीमा SLC पास साथै English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ पुरुष को हकमा उचाई ५ फिट ६ इन्च भन्दा माथि र महिला सेक्युरिटी को हकमा उचाई ५ फिट ३ ईन्च भन्दा माथि हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Empower Human Resources Management Pvt. Ltd | Gov. Lic No. 1150/073/074

Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445

Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901

# राजेन्द्र महतोले छाडे लोसपा, राष्ट्रिय मुक्ति क्रान्तिको घोषणा



**काठमाडौं/मस-** लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले पार्टी छाडेका छन्।

काठमाडौंको राष्ट्रिय सभा गृहमा सोमबार कार्यक्रम गर्दै उनले लोसपा परित्याग गरेको घोषणा गरेका हुन्।

महतोले आदिवासी जनजातिका अधिकारका लागि वकालत गर्ने बुद्धछिरिङ मोक्तानसँग मिलेर 'राष्ट्रिय मुक्ति क्रान्ति' नामक अभियान घोषणा गरेका छन्।

यो अभियानले पार्टीको निर्माणदेखि सबै संरचना तयार गर्ने भन्दै लोसपा, जसपालगायतका मधेसवादी पार्टी साथै एमाले, कांग्रेस माओवादी विचार राख्नेहरूका लागि खुल्ला रहेको उनको भनाइ थियो। उनले यही क्रान्तिले देशमा सबै नेपालीका लागि शासन र संविधानमा परिवर्तन ल्याउने र नेपाल सबै नेपालीका लागि निर्माण गर्ने तर्क गरे।

पार्टी परित्याग गर्नुपर्ने कारणबारे उनले भने, 'जुन आशा र अपेक्षाअनुसार हामीले लोसपाको विकास गर्न खोजेका थियौँ, त्यसरी सो पार्टीले मुलुकलाई निकास दिनसक्ने अवस्था देखिएन। मधेस र समग्र देशका नागरिकका अपेक्षाअनुसार सो पार्टीले काम गर्न सकेन। त्यसैले मैले पार्टी परित्याग गरेर नयाँ क्रान्तिको शुरुवात गरेको हो।'

# हाँडीगाउँबाट 'हावाको कुरा गरौं' अभियान शुरु




**काठमाडौं/मस-** सहरी क्षेत्रमा बढ्दै गएको वायुको गुणस्तर सुधारका लागि समुदायको सहभागिता र सचेतना बढाउन हाँडीगाउँबाट 'हावाको कुरा गरौं' अभियान शुरु भएको छ।

काठमाडौं महानगरपालिकाले युएसएड, स्वच्छ हावा परियोजनासँगको सहकार्यमा अभियान थालनी गरेको हो।

यस अभियानमा सवारी साधनको प्रयोगलाई कम गराउने, सवारी प्रयोग नगर्दा हुने ठाउँमा नचलाउने, यसको सट्टा हिँड्ने संस्कृति बढाउँदै लैजाने लगायत क्रियाकलाप हुनेछन्।

यो सांस्कृतिक विकासका लागि आवश्यक पर्ने सहरी पूर्वाधार निर्माण गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलापलाई पर्यटन व्यवस्थापनसँग जोडेर स्थानीयबासीको आयमा टेवा पुऱ्याउने, परम्परागत उद्यम तथा उद्यमशीलताको विकासलाई प्रवर्द्धन गरिनेछ।

यस प्रकारका क्रियाकलापबाट काठमाडौंका सम्पदाहरुको संरक्षण र प्रवर्द्धन तथा वातावरणीय सुधारमा टेवा पुग्नेछ। मौलिकपन र जीवन्तता पुनःस्थापना हुनेछ।

यस अघि हाँडीगाउँमा यस प्रकारका क्रियाकलाप सञ्चालन गरिएका छन्। सवारी प्रवेश निषेध गरिएका ठाउँमा हाँडीगाउँको मौलिक जीवन पद्धतिसँग सम्बन्धित कला तथा सिप (सुकुल बुन्ने, काष्ठकला, माटोका भाँडा बनाउने), रञ्जना लिपी लेखन सिप, मौलिक खाना, परम्परागत वाद्यबादन, गायन तथा नृत्य र मौलिक सामाजिक खेलसहितको सडक महोत्सव गर्ने गरिएको छ।

कला, साहित्य, सिर्जना र सहरी वातावरण सुधारका लागि काम गर्ने विभिन्न संघ संस्थाहरुले सूचना तथा जानकारीमूलक प्रदर्शनी गर्ने गरिएको छ। यी क्रियाकलापबाट सामाजिक सद्भाव वृद्धि, मौलिकताको जगेर्ना र वायुको गुणस्तर सुधारमा सहयोग पुगेको छ। यस कार्यक्रममा स्थानीयहरुको अपनत्व वृद्धि भएको छ। काठमाडौंको मौलिकता पुनःस्थापनामा हाँडीगाउँबाट थालिएको अभियान महानगरका अन्य स्थान तथा क्षेत्रसँगै उपत्यकाभित्र विस्तार हुनेछ। यो प्राचीन सहरको मौलिकपन फिर्ता गराउने प्रयासको प्रारम्भ हो। यसका सवल पक्ष अन्य स्थानका लागि सिकाइ बन्न सक्छन्।

# 'बाँदरबाट जोगाउन वैकल्पिक खेतीको शुरुवात जरुरी'

सुरु भुसाल/मध्यान्ह
अर्घाखाँची, १४ फागुन



जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले बसाइँसराइका कारण बाक्लो बस्ती पातलिँदै गएपछि केही वर्ष अघिसम्म लहलह झुल्ने खेतबारी अहिले बाँझै रहेका बताएका छन्। उनले गाउँका घरहरु खाली हुँदा वैकल्पिक कृषिको खोजी गरेर बढ्दो बसाइँसराइ रोक्नका लागि सरकारले विशेष योजना ल्याउनुपर्ने बताए।

महिला आर्थिक सशक्तिकरणका लागि उत्थानशिल उद्यम संस्थाले सन्धिखर्कमा गरेको छलफलमा समन्वय प्रमुख कोइरालाले अबको कृषि युग अनुसारको प्रविधिमैत्री हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले किसानलाई अनुदान दिने सरकारी नीति परिमार्जन गर्नुको विकल्प नभएको बताउँदै बाँदर बँदेल दुम्सी लगायत जंगली जनावरले किसानलाई आजित पारेको तर्क गरे।

नगरप्रमुख श्रेष्ठले भने,'किसानले खेती लगाउन अनुदान पाउँछन् तर अनुदानबाट गरेको खेतीले प्रगति हुन सकेन। उल्टै किसान विस्तापित हुने अवस्था आयो।' अब ठाउँ भूगोल, माटो अनुसारको खेती गर्न किसानलाई उत्पादनमा आधारित अनुदान दिने उनले बताए।

नगरप्रमुख श्रेष्ठले बाँदरबाट खेती जोगाउ मुस्किल भएपछि अब अर्घाखाँचीका धेरै ठाउँहरुमा माटो परीक्षण गरेर फलफुल क्युवी, एबोगार्ड, सुन्तला, मौसम, दाँते ओखर, कफि, अदुवा, पिँडालु, बेसार, पुष्प खेतीलाई किसानले रोजेमा स्थानीय सरकारले अनुदान दिने र त्यसबाट किसानहरु लाभान्वित हुने बताए।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख मिश्रा आचर्यले किसानहरुका समस्या बुझेर स्थानीय सरकारले लगानी गरिरहे भएपनि त्यसले सोचे अनुसार प्रतिफल दिन नसकेको बताइन्।

कार्यक्रममा सन्धिखर्क नगरपालिकाका वडा नम्बर ६ का अध्यक्ष श्रीधर महत्रा, वडा नं ८ का अध्यक्ष हुम प्रसाद बन्जाडे, एसआइएसका प्रतिनिधि डाक्टर मणिराम बन्जाडे, कृषि ज्ञान केन्द्रका अधिकृत टिकाराम न्यौपाने, जिल्ला बन अधिकृत यादव सापकोटा, कृषि सहकारी संघका लक्ष्मण कँडेल, वरिष्ठ कृषक पुष्कर बन्जाडे, गणेश बन्जाडे, कृषक सिला भुसाल, रामु केसी, समाजसेवी सहयोगी बिसी, राधा खनाल, शारदा न्यौपाने लगायतले मन्तव्य राखेका थिए।

सन्धिखर्क नगरपालिकाका नगरउपप्रमुख मिश्रा आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पुष्कर बन्जाडेको स्वागत मन्तव्य राखेका थिए। यस्तै कार्यक्रमको सञ्चालन सन्धिखर्क नगरपालिकाका कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले गरेका थिए।

# सुन तस्करी प्रकरणमा कलेज सञ्चालक पक्राउ

**काठमाडौं/मस-**सुन तस्करी प्रकरणमा एक कलेज सञ्चालक पक्राउ परेका छन्। केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीले पर्वत फुलबारी-२ घर भएका काठमाडौंको डिल्लीबजार कालिकास्थानस्थित प्लाटिनम कलेजका कार्यकारी अध्यक्ष जीवनकुमार गुरुङलाई आइतबार पक्राउ गरेको छ।

दुबईबाट १४ किलो सुन तस्करी गरेर ल्याएको घटनाको छानबिन र अनुसन्धानका क्रममा गुरुङ योजनाकार रहेको पत्ता लागेपछि गुरुङलाई पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए।

उनले भने, 'दुबईबाट १४ किलो सुन तस्करी गरेर ल्याएको घटनामा पक्राउ पुर्जी जारी भएपछि गुरुङ फरार थिए। उनी आज पक्राउ परेका छन्।' गुरुङलाई भन्सार कार्यालयको जिम्मा लगाउने तयारी भइरहेको जनाइएको छ।

## संसद...

नक्सालले एकैसाथ जिम्मेवारीबाट हटाएको छ। गृह मन्त्रालयको नेतृत्वमा संसद् भवन परिसरमा खटिएको सुरक्षा टोलीलाई हटाइएको हो। प्रहरीका जिम्मेवारीबाट हटाइनेमा इन्स्पेक्टरसहित ३२ जना छन्। उनीहरुको ठाउँमा नयाँ टोली समेत पठाइएको छ। उक्त घटनाबारे छानबिन गर्न उपत्यका प्रहरी कार्यालय, रानीपोखरीले एसएसपी दिनेशराज मैनालीको नेतृत्वमा ३ सदस्यीय छानबिन समिति बनाएको छ। समितिमा काठमाडौं प्रहरीका एसपी नवराज अधिकारी र उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका डीएसपी दिनेश घिमिरे सदस्य छन्। निषेधित क्षेत्र पार गरेर संसद् भवनभित्र छिरेको आरोपमा ४९ जना लघुवित्त पीडित समेत पक्राउ परेका थिए। संसद भवनको सुरक्षाको विषयमा सभामुख देवराज घिमिरेले सुरक्षा निकायका अधिकारीहरुसँग गम्भीर चासो राखेका छन्।

## पासपोर्ट...

अप्ठ्यारो पऱ्यो भने सेवा गर्नका लागि पर्यटन प्रहरीले अघिपछि गरिरहेका हुन्छन्। नेपालमा विदेशी आउने बित्तिकै ट्क्यासीदेखि गाइडसम्म पछि-पछि लाग्दा पर्यटकहरु आत्तिने गरेका छन्। यस्ता घटना निरुत्साहित नगर्ने हो भने पर्यटकमा नकारात्मक असर गर्छ।'

## रोजगारदाताको...

तलब भत्ता आदि उल्लेख गरी विज्ञापन प्रकाशित गर्नुपर्ने र प्रक्रिया पूरा गरी छनोट भएका कामदारको मोबाइलमा नतिजा पठाउनुपर्ने व्यवस्था पनि कार्यविधिमा छ। जापानले नेपालबाट कृषि, होटल, उद्योग, सुरक्षा, नर्सिङसेवा, सवारीसाधन मर्मत र सम्भार, निर्माण उद्योगसहित १४ विभिन्न क्षेत्रमा श्रमिक लैजाने बताएको छ।

## न्युजिल्याण्ड...

वैदेशिक रोजगारीका लागि न्युजिल्याण्ड पठाइदिने र त्यसका लागि १३ लाख रुपैयाँ लाग्छ भनि १२ लाख ७० हजार रुपैयाँ लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ।

गुरुङद्वयले गिरीलाई मासिक १ लाख ५० हजार रुपैयाँ तलब हुन्छ भनि विश्वास दिलाइ उक्त रकम हात पारेको प्रहरीले बताएको छ। प्रहरीले दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ।

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८०।११।१५

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८०/१०/०७ मा प्रकाशित बोलपत्र/ ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| क्र स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु (मु अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/WORKS /BUILDING /NCB/12-080/81 | Construction Of Animal Treatment Hospital At Haldibari Rural Municipality. | Aanjelina Construction And Suppliers Pvt Ltd, Sukhipur-01, Siraha | 52,17,238.41 |

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानिमत्ता, दैलेख, कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/११/१५)

यस कार्यालयबाट मिति २०८०/१०/२१ मा प्रथम पटक सूचना गरी प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधि भित्र रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | सामग्रीको नाम र ढुवानी स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक मू.अ.कर सहित |
|---|---|---|---|---|
| 1 | GRM/WORKS/ SQ/02/080/081 | Upgrading of Bagaura- Jorebajh- Milanchowk Road Gurans-06, Dailekh | Jagannath Nirman Sewa, Birendranagar-10, Surkhet | ने.रु. ९,०५,०८४।२० |

नि. प्रमुख प्रशासकिय अधिकृत

पलाता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाता, कालिकोट
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

प्रकाशित मिति :- २०८०/११/१५

यस पलाता गाउँपालिका अन्तर्गत आ.व. २०८०।०८१ का लागि प्रदेश सरकारको समपुरक अनुदान बजेटबाट गाउँपालिका भवन निर्माणका लागि मिति २०८०।०९।२३ गते नयाँ प्रत्रिका राष्ट्रिय दैनिकमा प्रकासित बोलपत्र आब्हान सम्वन्धी सूचना अनुसार तल उल्लेखित ठेक्काका लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मुल्याकिंत र सारभुतरुपमा प्रभावग्राहि भै स्वीकृतको लागि पेश भएकोले सार्वजानिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरुको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| PRM/KKT/ BCPRM/W/ NCB/01/2080-081 | Building construction of Palata Rural Municipality project Palata-2 Ranibisauna | ग्रामिण निर्माण सेवा पलाता, ३ कालिकोट। | 49,13,653.00 |

प्रमुख प्रशासकिय अधिकृत

Kaudena Rural Municipality
Kaudena, Sarlahi
Madhesh Province

Invitation for Bids

National Competitive Bidding
Notice Publication Date: 2080/10/26
Addendum to Bid Document
Date: 2080/11/14

In accordance with ITB 8.1 following addendum to the Bidding Document for the following contract id is hereby issued and shall be part of the Bidding Document. The Addendum is as follows:

| SN | Contract ID | Addendum Details |
|---|---|---|
| 1 | 2080/81/NCB/01 | Eligible criteria in notice section 2 is removed and not applicable |
| 2 | 2080/81/NCB/02 | Eligible criteria in notice section 2 is removed and not applicable |

Note: for more details please visit PPMO website www.bolpatra.gov.np/egp

# एनआरएनएको कार्यालय खाली नगराउन अदालतको अन्तरिम आदेश




**काठमाडौं/मस-** उच्च अदालत पाटनले गैरआवासीय नेपाली संघको कार्यालय तत्काल खाली नगराउन काठमाडौं महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी गरेको छ।

विनोद कुँवर नेतृत्वको संघले दायर गरेको निषेधाज्ञा जारी पाउँ भन्दै दायर निवेदनमा सोमबार उच्च अदालत पाटनका न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको इजलासले तत्काल संघको कार्यालय खाली नगराउन विपक्षीको नाममा अन्तरिम आदेश जारी गरेको हो। विशेष अदालतमाले ललितानिवास क्याम्पभित्रको जग्गा विवादबारे गरेको फैसलापछि महानगरपालिकाले फागुन ११ गते शुक्रबार काठमाडौं महानगरपालिकाले घर तथा जग्गा खाली गर्न सार्वजनिक सूचना जारी गरेको थियो।

उच्च अदालतले विशेष अदालतले फैसला गरेको भएपनि पुनरावेदनको म्याद बाँकी नै रहेको र सुविधा सन्तुलनको दृष्टिकोणले पनि तत्काल उक्त कार्यालय खाली गराउनु वाञ्छनीय नभएको भन्दै मुद्दा अन्तिम नभएसम्म कार्यालय खाली नगराउन अन्तरिम आदेश दिएको छ। रिट निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, सतिशकुमार खरेल, अभिवक्ता सरोजकुमार घिमिरे र रामेश्वर न्यौपानेले अन्तरिम आदेश जारी हुनुपर्ने माग गरेका थिए।

यस्तै एनआरएनएका अध्यक्ष विनोद कुँवर र महासचिव जानकी गुरुङले विज्ञप्ति जारी गरेर संघको सम्बन्धी ऐनअनुसार सरकारको निर्णय विश्वभर फैलिएका गैरआवसीय नेपालीहरुसँग चन्दा संकलन गरी उक्त जग्गा खरिद गरी भवन निर्माण गरेको बताएका छन्।

# हिल्दुम विद्युत वितरण केन्द्रका दुई जेनेरेटर प्रयोगविहीन

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १४ फागुन

हुम्लाको हिल्दुम विद्युत वितरण केन्द्रमा दुई सय २५ केभी क्षमता भएका दुई जेनेरेटर प्रयोग विहीन बनेका छन्।

हेटौंडाको कुलेखानी जलविद्युतबाट हुम्लाको हिल्दुम विद्युत वितरण केन्द्रमा करिब एक वर्ष अगाडि विद्युतको लागि ल्याइएको जेनेरेटर प्रयोग विहीन भएको हो। एक वर्ष अगाडि हिल्दुम विद्युत वितरणको पावर हाउसमा पहिरोले क्षति गरी विद्युत बन्द भएपछि विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफैं जिल्ला आएर अवलोकन गरी दुई सय २५ केभी क्षमता भएका दुई जेनेरेटर ल्याएर सञ्चालन गरेपनि अहिले प्रयोग विहीन जस्तै भएको वितरण केन्द्रका निमित्त प्रमुख सुशील थारुले बताए।



थारुका अनुसार अहिले पनि दिनको १४ घण्टा विद्युत लोड सेडिङ हुन्छ। जेनेरेटर सञ्चालन गर्न कार्यकारी निर्देशकको आदेश चाहिने हुँदा जेनेरेटर सञ्चालनमा नआएको थारुले बताए। उनले भने, 'विद्युत बन्द हुँदा मात्र नभएर लोड सेडिङ अवधि बढ्दा पनि जेनेरेटर सञ्चालन गर्न निर्देशकको आदेश बिना गर्न नसकिने बताए।

दुई वटा जेनेरेटका लागि एक घण्टाको अवधिमा करिब ९० लिटर डिजेल चाहिने भएकाले खर्च धान्न नसक्ने भएपछि अहिले सञ्चालनमा नआएको हिल्दुम विद्युत वितरण केन्द्रको स्रोतले जनाएको छ।

एक वर्षमा जम्मा तीन पटक मात्र जेनेरेटर सञ्चालन गरी विद्युत प्रवाह गरिएको थियो। जिल्लामा चौध घण्टा भन्दा बढी लोड सेडिङ हुने सम्भावना देखिन्छ। पावर हाउसमा जम्मा ९० केभी मात्र विद्युत उत्पादन हुन्छ।

जेनेरेटर सञ्चालन गर्दा लोड सेडिङ कम हुने र सेवाग्राही मर्कामा नपर्ने देखे पनि जेनेरेटर प्रयोग विहीन बनाएर राख्दा त्यसको अर्थ नै नभएको स्थानीय जग्गु रावतले बताए। जेनेरेटर सञ्चालन गर्न सबैले पहल गर्नु जरुरी देखिएको छ। हिल्दुम विद्युत वितरण केन्द्रले जिल्लाका दुई वटा सिमकोट र खार्पुनाथ गाउँपालिकामा विद्युत प्रवाह गर्दै आएको छ।

# भुक्तानी नपाएपछि दुग्ध उत्पादक किसान संघले प्रजिअलाई बुझायो ज्ञापन पत्र

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १४ फागुन

लामो समयदेखि दुधको भुक्तानी नपाएको भन्दै रौतहट दुग्ध उत्पादक संघ आन्दोलित भएको छ। नेपाल सरकारको स्वामित्वमा रहेको डीडीसीले रौतहटका दुध उत्पादक किसानको साढे ५ करोड रुपैयाँ तिर्न बाँकी रहेको छ।

विभिन्न निजी डेरीहरूले रौतहटका किसानबाट लगेको दुधको ३ करोड रुपैयाँ दिएका छैनन्। नेपाल सरकारको स्वामित्वमा रहेको डीडीसीले रौतहटका दुध उत्पादक किसानको रकम भुक्तानी नगरेपछि उनीहरु आन्दोलित भएका हुन्।

उनीहरुले विभिन्न १० सुत्रीय मागहरु राख्दै रौतहटका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएका छन्। पछिल्ला ६ महिनादेखि दुधको भुक्तानी नदिएको भन्दै सोमबार जिल्ला प्रशासन कार्यालय गौरमा प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी समक्ष ज्ञापन पत्र बुझाएको हो।



दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड चन्द्रपुर रौतहटका अध्यक्ष कृष्णप्रसाद अधिकारीले किसानहरुको पिडामर्कालाई १० बुँदे मागलाई समेटेर प्रजिअ रेग्मी समक्ष बुझाएको ज्ञापन पत्रमा नेपाल सरकारद्वारा तोकिएको मुल्य भन्दा कम आफूखुशी मूल्य तोक्ने, नियमति रुपमा दुध खरिद नगर्ने लगायतको माग राखिएको बताए। पछिल्ला ६ महिनादेखि ९ करोड बक्यौता रहेको रकम उपलब्ध नगराएकोमा किसानहरु अत्याधिक मर्कामा पर्दै गएकोमा बाध्य भएर ज्ञापन पत्र बुझाउनु परेको उनको भनाइ छ।

नेपाल सरकारको ध्यानाकर्षण गराउँदै विगतमा भएको सम्झौतालाई कार्यान्वयन यथाशिघ्र गराउने उद्देश्यका साथ ज्ञापन पत्र बुझाइएको उनले बताए।

जिल्लामा मात्र दैनिक ३० हजार लिटर दुध उत्पादन हुने गरेको छ। रौतहटमा उत्पादन भएको दुध हेटौंडास्थित नेपाल सरकारको स्वामित्वमा रहेको डीडीसी र विभिन्न निजी डेरीले लाने गरेका छन्।

VACANCY
ANNOUCEMENT
We are hiring the best employees for our office.
Office Manager (Male/Female)
Marketing (Male/Female)
Salary & Other Benefits will be Negotiable
So interested people can apply for the given post. And for more information please contact us.
SUCCESS NEPAL
HUMAN RESOURCE PVT. LTD.
Lic No. 1126/073/074
Basundhara chauki, Kathmandu, Nepal
Tel: 4110567, Mobile: 9857033536 | 9745711824
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com

# करिब २४ किलो चरेशसहित पाँच जना पक्राउ

**कपिलवस्तु/मस-** अवैध लागुऔषध चरेश जस्तो देखिने बस्तु करिब २४ किलो ५ सय ६० ग्रामसहित ५ जनालाई आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा धादिङ खनियाबास गाउँपालिका-५ बस्ने ५९ वर्षीया सेती तामाङ, ६६ वर्षीय रेगदोन तामाङ, सल्यान सिद्धकुमाख गाउँपालिका-४ बस्ने ४० वर्षीय थल बहादुर रोका, धादिङ खनियाबास गाउँपालिका-५ बस्ने ५२ वर्षीया साङ जोम तामाङनी र रूकुम भुमे गाउँपालिका-२ घर भई दाङ लमही नगरपालिका-४ बस्ने ३७ वर्षीया भावना बुढा रहेका छन्।

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
## संघीय आयोजना कार्यान्वयन इकाई
**वीरेन्द्रनगर, सुर्खेत**

## पुनः बोलपत्र आह्वान सम्बन्धि सूचना

**पुनः सूचना प्रकाशन मितिः २०८०/११/१५ (February 27, 2024)**

यस आयोजना कार्यालय अन्तर्गत तपशिलको निर्माण कार्यको लागि मिति २०८०/०९/०३ मा पहिलो पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचनामा E–Bid मार्फत पेश हुन आएका कुनै पनि बोलपत्रहरु प्राविधिक मूल्यांकनमा सारभूत रुपमा प्रभावग्राही नभएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४क) बमोजिम पुनः बोलपत्र आह्वान सम्बन्धि सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले १६औं दिन (मिति २०८०/११/३०) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट online bidding गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract ID | Description of Works | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| 1 | FPIU/Surkhet/Work/NCB/12/080-81RE | Ganeshthan-Bhurti-Kalimati Road Upgradation, Narayan Municipality Dailekh District | 1,25,000.00 | 3,000.00 |

## Bethanchok Rural Municipality
## Office of Rural Municipal Executive
**Dhunkharkha, Kavrepalanchowk**
**Bagmati Province**

## Invitation for Sealed Quotation

**Date of publication: 2080/11/15**

Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhunkharkha Kavre invites online electronic bids only from Nepalese eligible bidders for the following bids under sealed quotation procedures.

| S. N. | Contract Identification No:- | Name of Contract | Estimated Amount (Including VAT, PS and Contingencies Nrs) | Bid Submission Last Date & Time | Bid Opening Last Date & Time | Bid Security (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/80/81/ WORKS/15 | Khalang Durlungkhola Bahadurmudhe Dandaghar Alternative Road | 20,00,000.00 | 2080/11/30 12:00 | 2080/11/30 13:00 | 50,000.00 | SQ |
| 2. | BRM/80/81/ WORKS/16 | Shiva Parbati Cave Infrastructure | 20,00,000.00 | 2080/11/30 12:00 | 2080/11/30 13:00 | 50,000.00 | SQ |
| 3. | BRM/80/81/ WORKS/17 | Bethanchok Primary Hospital Parthali Road | 15,00,000.00 | 2080/11/30 12:00 | 2080/11/30 13:00 | 38,000.00 | SQ |
| 4. | BRM/80/81/ WORKS/18 | Mahat Gau Tileshor Road Construction | 15,00,000.00 | 2080/11/30 12:00 | 2080/11/30 13:00 | 38,000.00 | SQ |
| 5. | BRM/80/81/ WORKS/19 | Khalte Golmakot Road Upgrading | 15,00,000.00 | 2080/11/30 12:00 | 2080/11/30 13:00 | 38,000.00 | SQ |
| 6. | BRM/80/81/ WORKS/20 | Sapkota Danda Barhabise Road | 12,00,000.00 | 2080/11/30 12:00 | 2080/11/30 13:00 | 30,000.00 | SQ |

1. Eligible Bidders may obtain further information at the office of Bethanchok Rural Municipality, Office of Rural Municipal Executive, Dhunkharkha Kavrepalanchowk.
2. Bidder may download the bidding document for e-submission from PPMO's website. Bidder should deposit the cost of bidding document Rs 1,000 for Bids in the Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of submission of bids.

   **Name of bank : Global IME Bank Ltd,**
   **Name of office : Bethanchowk Rural Municipality,**
   **Account Number : 12204010000005,**
   **Account Name : GA. 1. 1. AANTARIK RAJASWO KHATA BETHANCHOWK,**
   **Reveune Head No : 14229**
3. Sealed Quotation must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of as mentioned in above table which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative officer**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१५ फागुन २०८०, मंगलबार
27 February 2024, Tuesday

## सम्पादकीय

# अब ढिला नगरौं

सोमबार लघुवित्त पीडितहरूले नयाँ बानेश्वर स्थित संघीय संसद् भवनभित्रै छिरेर नाराजुलुस गरेका छन् । यो घटना मुलुकको संसदीय इतिहासमै ऐतिहासिक अर्थपूर्ण छ । किनकि यसअघि यस्ता घटना विरलै भएका थिए । संसद्भित्र सांसदहरूकै नाराबाजी, तोडफोड जस्ता गैरसंसदीय गतिविधि धेरैपटक देखिएको थियो । बहुमतले पेलेर जान खोज्दा त्यसको प्रतिवादमा सांसदहरू तोडफोडमै उत्रिएका अनेक उदाहरण छन् । पञ्चायतकालीन संसद्भित्र राजनीतिक एजेण्डा सहित विध्वंशात्मक गतिविधि पनि भएका छन् । तर गणतन्त्र नेपालको यो १६ वर्षे अवधिमा पहिलोपटक सामाजिक एजेण्डालाई लिएर संसद् भवन परिसरको कडा सुरक्षा घेरा तोडिएको छ । जबकी गत मंसिरदेखि स्थानीय प्रशासनले संसद् भवन परिसर मात्रै नभएर राजधानी उपत्यकाका महत्वपूर्ण स्थानहरूलाई निषेधित क्षेत्र घोषणा गरेको छ ।

केही दिन अगाडि मात्रै संसद् भवन परिसरदेखि, माइतीघर मण्डल, सिंहरदबार परिसर, राष्ट्रपति र प्रधानमन्त्रीको सरकारी निवास परिसरको निषेधाज्ञा थप दुई महिना बढाउने निर्णय भएको थियो । तर निषेधित क्षेत्र तोड्न राजनीतिक दलकै नेता एवं सांसदहरूले नसकिरहेका बेला लघुवित्त पीडितहरूले संसद् भवनकै सुरक्षा घेरा तोडेका छन् । संसद्भित्र संसद् बैठक चलिरहँदा बाहिर लघुवित्त पीडितहरूले सुरक्षा घेरा तोडेर गरेको प्रदर्शनलाई गृह प्रशासनले गम्भीर रूपमा लिएको देखिन्छ । संसद् भवनको ड्यूटीमा खटिएका ३२ सुरक्षाकर्मीको जिम्मेवारी खोसिएको छ भने गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रमुखहरूको आकस्मिक बैठक नै बोलाए । संभवतः यो प्रकरणलाई लिएर प्रशासनले सार्वजनिक गतिविधिमा थप कडाइ गर्न सक्छन् । लघुवित्त पीडितहरूले जुन तहको विद्रोह गरे, त्यसको परिणाममा अब प्रशासनले कडाइ गर्नु अनौठो भएन ।

तर समस्याको समाधान सुरक्षा व्यवस्था कडा बनाएर हुनेछैन, जसरी लघुवित्त पीडितहरूलाई चार महिनादेखि राजधानीमा लगाइएको निषेधाज्ञाले रोक्न सकेन । समस्याको समाधान फेरि पनि लघुवित्त पीडितहरूको माग सुनुवाइले मात्रै हुनेछ । तर सरकार ठीक उल्टो बाटो हिडिरहेको छ । केही वर्षदेखि मुलुककै समस्या बनिरहेको मिटरब्याज पीडितहरूको समस्या दीर्घकालीन समाधान गर्ने बाटोमा सरकार हिडिरहेको छैन । पटकपटक न्यायको मार्च हिडिरहेका मिटरब्याज पीडितहरूले गत ९ फागुनमा फेरि काठमाडौं आइपुगेका छन् । तर एक महिना लामो पैदल हिडेर राजधानी आइपुगेका यी पीडितहरूलाई सिंहदरबार नजिकसम्म पुग्न दिइएको छैन । वर्षौदेखि न्यायको लडाइँ लडिरहेका उनीहरूको आक्रोशले सोमबार संसद् भवनको सुरक्षा घेरा पार गरेको छ । यो आक्रोशलाई सरकारले नागरिकको सामान्य असन्तुष्टि अथवा अराजकतासँग मात्रै जोडेर हेर्ने गल्ती गर्न हुन्न । चाँडो भन्दा चाँडो निकास दिने बाटोमा सरकार अगाडि नबढे संभावित दुर्घटनाका निम्ति तयार हुनुपर्छ ।

# संसद र लोकतान्त्रिक अभ्यास

*संसदलाई कानून निर्माण र जनताका मुद्दा संस्थागत गराउने थलोको रूपमा स्थापित गर्नुपर्नेमा सत्तासिन र प्रतिपक्षी दलका सांसदहरूको भूमिका जुहारी खेल्ने थलोको रूपमा स्थापित गर्ने खालको मात्रै छ । संसदमा व्यक्तिगत र पार्टीगत स्वार्थबारे चर्चा हुन्छन्, तर जनताका कुरामा कसैले समय खर्चिएको पाइन्न ।*

अग्रलेख



● टिकाराम खड्का

शक्ति पृथकीकरणको सिद्धान्तले राज्यका तीन अङ्ग (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका)बीच सन्तुलनकारी र समन्वयात्मक भूमिकाको परिकल्पना गरेको छ । जुन लोकतान्त्रिक राज्य व्यवस्थाको मुल कडि पनि हो । शक्ति पृथकीकरणमा अवरोध खडा भए लोकतन्त्र नै जिवित रहन्न भन्ने विश्वास गरिन्छ । लोकतन्त्रमा जनता सार्वभौम र अधिकार सम्पन्न हुन्छन् । जनता सार्वभौम हुनलाई आवधिक निर्वाचन र आवधिक निर्वाचनबाट आउने जनप्रतिनिधिले लोकतन्त्रको अभ्यास गर्ने र जनताका अधिकारलाई स्थापित गराउने हो । यसर्थ, राज्यका तीन अङ्गमा व्यवस्थापिका नै सर्वोच्च निकाय हो र यसले नै राज्यका अन्य दुई निकायलाई सन्तुलित राख्ने कार्यका लागि सबैखाले व्यवस्था गर्छ ।

व्यवस्थापिका जति बलियो र लोकतान्त्रिक हुन्छ, मुलुक त्यति नै समुन्नत र उन्नत हुन्छ । यसर्थ, यहाँ व्यस्थापिकाका अनेकन विषयलाई केलाउन खोजिएको हो । व्यवस्थापिका किन र कसरी समुन्नत वा विकृत हुन्छ भन्ने मानकको रूपमा लिइनुपर्छ । तर, नेपालको व्यवस्थापिका किन कमजोर बन्दैछ वा बनाइन खोजिदैछ ? यस आलेखमा उल्लेखित सन्दर्भबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

व्यवस्थापिका अर्थात् संसद । नेपाल संघीय शासन प्रणालीमा रहेकाले यहाँ तीन तहका सरकार छन् र यी सबै सरकारका आ-आफ्नै व्यवस्थापिका पनि छन् । यीमध्ये मुलुकको सर्वोच्च निकायमध्येको एक संघीय संसद, त्यसमा पनि प्रतिनिधिसभाको वर्तमान अवस्थाबारे चर्चा गर्दा यसको अवस्था निकै दयनीय छ । प्रतिनिधिसभा जनताको प्रतिनिधिमूलक सर्वोच्च निकाय हो । जनताका प्रतिनिधिका रूपमा सांसदहरू प्रत्यक्ष, समानुपातिक र मनोनीत प्रक्रियाबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने व्यवस्था रहेको छ । संसद भनेको मुलुक सञ्चालनका लागि आवश्यक कानून बनाउने संवैधानिक निकाय हो । नेपाल जस्तो विकासोन्मुख देशका हकमा कुरा गर्दा सांसदको भूमिका कानुन बनाउने जिम्मेवारीसँग मात्र नभएर देशको विकास र जनताको दैनिकी व्यवस्थापनका सवालसँग पनि जोडिएर आउँछ । त्यसकारण नेपालको परिपेक्षलाई ध्यानमा राख्दा संसद भनेको विकास सभासमेत हो भन्दा फरक नपर्ला । त्यसैले पनि यहाँ प्रतिनिधित्व गर्नेहरू मुलुक विकासका आधार खम्बा पनि हुन् । उनीहरूले मुलुक व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारीको हिस्सा लिएका हुन्छन्, लिनैपर्छ । तर, के यस्तो जिम्मेवारीमा रहेका हाम्रा सांसदहरूको भूमिका परिपक्क छ ? के उनीहरूले संसदमा देखाउने व्यवहार, कार्य, भूमिका र परिणामलाई मानक मानि हेर्दा उनीहरू परिपक्क छन् ? जनताका प्रतिनिधि बनेर सांसदको लोगो ढल्काउँदै राज्यकोषमा आफ्नो हक जमाउने सांसदले निर्वाचनताका जनतालाई दिएका अनेक आश्वासन पूरा गरेका छन् ? यो अहिलेको अहम् सवाल हो ।

नेपालमा संसदीय अभ्यासको इतिहास केही लामो नै रहेपनि विगतदेखि वर्तमानका रेकर्ड हेर्दा उनीहरूको शैली, भूमिकामा खासै संवेदनशीलता र जवाफदेहिता देखिँदैन । उनीहरू सांसद पदलाई अस्त्र बनाएर आफ्नो राजनीतिक दुनो सोभ्याउनेतर्फ मात्रै उद्दत देखिन्छन् भन्दा अतियुक्ति हुन्न । संसदका अधिवेशनहरूको समीक्षा गर्दा र हर बैठकको शुष्म, वस्तुपरक विश्लेषण गर्दा संसद उद्देश्यमुखी वा परिणाममुखी नभई कर्मकाण्डी मात्र बनेको छ । अझ सांसदहरूलाई संसद बैठकमा समेत खासै रूची देखिँदैन । संसदको बैठक शुरू हुँदा अधिकांश सांसदको उपस्थिति हुन्छ तर, के त्यो संख्या बैठक सकिँदासम्म हुन्छ ? देखिन्छ ? अहँ, हुँदैन, देखिँदैन । समग्रमा तुलना गर्ने हो भने संसद बैठक शुरू हुँदा उपस्थित सांसदको संख्या अन्तिमसम्म आइपुग्दा करिब पच्चीस प्रतिशत पनि हुँदैनन् । हो, यो अवस्था हेर्दा पनि सांसदले संसदको महत्व, इज्जत र प्रतिष्ठालाई कसरी कमजोर बनाइरहेका छन् र कतिसम्म कम आँकिरहेका छन् भन्ने बुझिन्छ ।

यति मात्रै कहाँ हो र, नेपाली इतिहासमा २०७१ सालमा जनताका प्रतिनिधिले जारी गरेको संविधान पर्खिरहेका जनताले संविधान पाएनन्, उल्टै सभासदहरूले कुर्सी-माइक फोडाफोड गरेर संविधान बनाउने थलोलाई कुरू क्षेत्रमा परिणत गर्ने प्रयास गरे । संविधान जारी गर्नु पहिलेका अरू दृष्टान्त पनि छन्, सभाकक्षमै खुर्सानीको धुलोका पोका राख्नेसम्मका कार्य भए । यसबीचमा यस्ता अमर्यादित घटना अरू पनि थुप्रै भए । संविधानसभा संसदमा रूपान्तरण भएपश्चात पनि सांसदहरूले हुलहुज्जत गर्नेदेखि संसद बैठकमै नाङ्गिनेसम्मका कर्म गर्न भ्याएका छन् । अझ संसदको चालु अधिवेशन शुरू भएको केही दिनमै संसदमा देखिन थालेको रडाकोले पनि सांसदहरू संसदलाई कसरी आफ्नो दलको बन्दी बनाउन उद्दत छन् भन्ने आंकलन गर्न सकिन्छ ।



> *जनताका प्रतिनिधिको सर्वोच्च निकाय प्रतिनिधिसभाको हुर्मत लिने काम जनताका प्रतिनिधिबाटै नहोस् । सांसदहरूले म मुलुक व्यवस्थापनको महत्वपूर्ण अङ्ग कानून निर्माणका लागि आएको हुँ र जनसहजताका लागि निकास खोजीतर्फ आवाज उठाउनु मेरो कर्तव्य र मुल जिम्मेवारी हो भन्ने नभुलुन् अनि उनीहरूको व्यवहार यसतर्फ नै केन्द्रित होस् ।*

हालैका प्रतिनिधिसभाको बैठकको परिदृष्य नियालौं भने धेरै कुरा छर्लङ्ग हुन्छन् । संसदलाई कानून निर्माण र जनताका मुद्दालाई संस्थागत गराउने थलोको रूपमा स्थापित गर्नुपर्नेमा सत्तासिन र प्रतिपक्षी दलका सांसदहरूको जुहारी चल्ने थलो बनेको छ । यिनीहरूले मुलुक व्यवस्थापनमा जिम्मेवारी लिने होइन कि उल्टै संसदलाई भड्कालोमा पार्दैछन् । सांसदहरूले संसदलाई एकीकृत र कानूनबमोजिमका विषयमा छलफल बहस गर्ने स्थानभन्दा पनि अराजकता देखाउने थलो बनाइरहेका छन् । संघीय सरकारका बहालवाला मन्त्रीहरूको राजीनामा माग र उनीहरूको नैतिकताको विषयमा विवाद झिकेर प्रतिनिधिसभा बैठकलाई हुलहुज्जतमा परिणत गरिएको छ । मन्त्रीत्रय प्रकाश ज्वाला, मोहनबहादुर बस्नेत र सुदन किराँतीले पदबाट राजीनामा दिनुपर्ने वा उनीहरूलाई बर्खास्त गर्नुपर्ने माग प्रतिपक्षले उठाइरहेको छ । यी तीनै मन्त्रीहरूमाथि गम्भीर प्रकृतिका आरोप लगाइएको छ । स्वास्थ्य मन्त्री रहेका बस्नेतमाथि भ्रष्टाचार आरोपमा अनुसन्धान चलिरहेको छ भने भौतिक पूर्वाधार मन्त्री ज्वालामाथि बालकुमारी घटनाको कारक बनेको र उनले नैतिक जिम्मेवारी नलिएको आरोप छ । यस्तै, किराँती विभिन्न नियुक्तीका घटनाले विवादित छन् । अहिले प्रतिपक्षीको मुख्य भूमिका नै यी मन्त्रीको राजीनामा माग्ने रहेको छ ।

यस सन्दर्भमा प्रतिनिधिसभाको नेतृत्व गरिरहेका सभामुख देवराज घिमिरेमाथि समेत कार्य क्षमताको गम्भिर प्रश्न चिन्ह त्रेर्सिएको छ । सभामुखलाई संसद बैठक सञ्चालनका लागि विशेष अधिकारहरू प्रदान छन् । संसद सञ्चालन गर्ने, कार्यतालिका बनाउने, हेरफेर गर्नेलगायतका तजबिजी अधिकारको प्रयोग सभामुखले गर्न सक्छन् । तर, यहाँ सभामुख घिमिरेले यस्तो अधिकार पाएपनि संसद बैठकमा देखिएका केही दृश्यले उनको कार्यक्षमता र कुशलतामाथि थुप्रै प्रश्न उठाएको छ । उनी पूर्वपार्टी (एमाले)तर्फ नै बढी प्रभावित भइरहेको देखिन्छ । बैठक सञ्चालनमा करिब उनको अनुहार नै एमालेका सांसद बसेको रोतर्फ नै हुने गरेको आरोप छ ।

हुनत, सभामुखको भूमिकामाथि प्रश्न उठेको यो पहिलो पटक भने होइन । संसद बैठकमा सभामुखमाथि विभिन्न समयमा प्रश्न उठ्दै आएका छन् । यसअघिका सभामुखहरूले समेत विधेयक रोक्ने गरेकोदेखि विभिन्न कारबाही प्रक्रियालाई रोकेर राख्ने गरेको भन्दै विवादित बनेका थिए । यसरी सभाको नेतृत्वकर्ता सभामुखले खेल्नुपर्ने भूमिकामाथि निरन्तर प्रश्न उठ्दै गर्दा यसले संसदको गरिमा कतिसम्म आँच पुऱ्याउला ? यो सोच्नु पर्ने बेला आएको छ । यतिमात्रै होइन यस प्रकारका घटनाले संसदको मर्म र भूमिकामाथि समेत औँला उठ्नुलाई अस्वभाविक कसरी मान्ने ?

हाम्रो संसद फेरि गज्जबको छ । अहिलेको व्यवस्था र संविधान मान्दैन भन्ने पनि संसदमा छन् र संविधान मैले ल्याएको हो भन्नेहरू पनि यसैमा छन् । तर, संसदको गरिमा जोगाउने, संविधान कार्यान्वयनका लागि अपनत्व लिनेतर्फ ध्यान गएको छैन । राजनीतिक दुनो सोभ्याउने ध्याउन्नमा मात्रै देखिन्छन् सांसदहरू । सांसद न जनताका मुद्दाप्रति गम्भिर छन्, न त सेवाभाव । यसै कारण पनि अवस्था भद्रगोल छ ।

नेताहरू अथवा सांसदहरूले नबुझेका होइनन् तर, व्यवहारमा ल्याउनै पर्ने विषय के हो भने जबसम्म संसद जनताप्रति उत्तरदायी र जिम्मेवार बन्दैन तबसम्म लोकतन्त्र नाम मात्रैमा सीमित हुनेछ । जबसम्म दल र नेताहरू लोकतान्त्रिक मर्मलाई व्यवहारमा ल्याउँदैनन् तबसम्म मुलुक संसदमा देखिएको हुलहुज्जत, उदासीन सरकार, गैरजिम्मेवार नेताहरूको इसारा अनि घनचक्करमा फसिरहन्छ । जबसम्म जनता व्यक्ति र पार्टी केन्द्रित राजनीतिको घनचक्करमा फसिरहन्छन्, स्वयम् विद्रोही चेत राख्दैनन्, तबसम्म जनताको बिजोग अवस्था थप बेहालबाहेक अरू केही हुनेवाला छैन ।

अहिले जनतालाई कम आक्ने सांसद अनि नेताहरूले भुल्न नहुने कुरा के हो फ्रान्सेली राजा लुईस चौधौंको राजनीतिक इतिवृति । उनीमा यतिसम्म दम्भ थियो कि उनको शासनको प्रमुख दर्शन 'म नै राज्य हुँ' भन्ने थियो अर्थात् उनले भन्ने गर्दथे 'आइएम द स्टेट' । तर, उनको पतनको चाखलाग्दो वृतान्ततर्फ राजनीतिज्ञ भनिनेहरूले एक पटक ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । अतिले खति निम्त्याउछ । संस्कृत भाषामा एक भनाई छ, जो अहिले पनि बढी प्रयोगमा आएको देखिन्छ । त्यो हो 'विनाशकाले विपरित बुद्धि' अर्थात् जब विनाशको समय आउँछ, तब बुद्धिपनि गलत दिशामा चल्छ । हाम्रा सांसद, नेताहरूको बुद्धिको दिशाले विनाशको बाटो नरोजोस् । जनताका प्रतिनिधिको सर्वोच्च निकाय प्रतिनिधिसभाको हुर्मत लिने काम जनताका प्रतिनिधिबाटै नहोस् । सांसदहरूले म मुलुक व्यवस्थापनको महत्वपूर्ण अङ्ग कानून निर्माणका लागि आएको हुँ र जनसहजताका लागि निकास खोजीतर्फ आवाज उठाउनु मेरो कर्तव्य र मुल जिम्मेवारी हो भन्ने नभुलुन् अनि उनीहरूको व्यवहार यसतर्फ नै केन्द्रित होस् ।

## सामाजिक सञ्जाल



- मुमाराम खनाल

शेरबहादुर देउवालाई अपवाद मान्ने हो भने २०४६ सालको परिवर्तनपछि एक वा पटक-पटक प्रधानमन्त्री भएका ११ जनामध्ये १० जना बाहुन प्रम भए । बाहुनहरूले आफूलाई जति बाठा, ज्ञानी र बौद्धिक दाबी गर्छन्- शासन सत्तामा यिनीहरू ज्यादै झुर देखिए । 'मल्टिटास्कर' र 'बाठो' बाहुन सत्ताको लागि सही ठहरिएन ।



- सुर्यराज आचार्य

राजनीतिमा ठूलै पदका आकांक्षी मान्छेले जनतासँग सम्बन्ध बनाउने, भावना बुझ्ने, जनताले खोजेको परिणाम कसरी निकाल्ने भन्नेमा बढी समय दिनुस् । बोल्ने/भाषणबाजीका काम कम गर्नोस् । अझ क्यामरा/टिभीका अघि बसेर भाइरल हुनका लागि 'झिल्के' गफ गर्दै नगर्नोस् । पछि आफैले बोलेको कुरा गलपासो हुन्छ !



- रामेश कोइराला

संघको कानूनअनुसार स्थापना भई संघबाटै अनुदान पाउने सरकारी र निजी अस्पतालले पनि अनिवार्य निःशुल्क शैयामार्फत उपचार गर्नैपर्छ । डाक्टरलाई गरीब लागेकालाई अत्यावश्यक एवम् अन्य उपचार गर्न कुनै अनुदान नदिने महानगरको सिफारिस गंगालालमा चाहिन्न है । संघको अनुगमन जरुरी हो । हिरोपन्थी धेरै भो ।



- मधुरमण आचार्य

सरकारी कर्मचारीहरू ऐनकानूनप्रति जवाफदेही हुनुपर्छ, नेता वा मन्त्रीको आदेशप्रति हैन । आदेश कार्यान्वयन गर्दा ऐन कानून उल्लंघन भए कर्मचारी नै दोषी ठहरिन्छन्, आदेश दिने नेता वा मन्त्री हैन । अदालतका पछिल्ला फैसलाहरूबाट पनि त्यही देखिएको छ । यो कुरा बुझ्नु, अनि मात्र जागिरतिर कुदनु ।

# संसदको समीक्षा

विचार



● वीना लामा

> *विधायिकी भूमिका मात्रै कमजोर होइन, सदनमा सांसदले उठाएका जनजीविकाका कुरा तथा नागरिकका गुनासा सुनुवाइमा पनि कमजोरी छन् । शून्य समय, विशेष समय र आकस्मिक समयमा उठाइएका विषयबारे सरकारबाट आउने जवाफ सन्तोषजनक पाइन्न । जवाफदेहीता कमजोर छ ।*

सांसदको मुख्य भूमिका भनेको कानुन निर्माण नै हो । तर सांसदहरू कानुन निर्माणका क्रममा सदनमा 'हो र होइन' भन्नेमा मात्रै सीमित छन् । संसद्मा विधेयकका मस्यौदा कहाँबाट आउँछन् ? कसले मस्यौदा तयार पार्छ ? भन्ने कुरा अधिकांश सांसदलाई नै थाहा हुँदैन । विषयगत मन्त्रालयमा मस्यौदा भएर आएपछि विधेयक संसद् सचिवालयमा दर्ता हुन्छन् । तर, मन्त्रालयमा कसले विधेयक बनाउँछ ? सरकार र सत्तापक्षका लागि उपयुक्त हुने, व्यक्ति विशेष वा कुनै निश्चित समूहलाई लाभ पुग्ने गरी कानुनका मस्यौदा बनेर आउँछन् । सांसदको भूमिका 'हुन्छ, हुन्न' भन्नेभन्दा थप देखिन्न ।

विधायिकी भूमिका मात्रै कमजोर होइन, सदनमा सांसदले उठाएका जनजीविकाका कुरा तथा नागरिकका गुनासा सुनुवाइमा पनि कमजोरी छन् । शून्य समय, विशेष समय र आकस्मिक समयमा उठाइएका विषयबारे सरकारबाट आउने जवाफ सन्तोषजनक पाइन्न । जवाफदेहीता कमजोर छ । आफ्नो निर्वाचन क्षेत्रका समस्या र समग्र मुलुकले नै भोगिरहेका समस्या उठाउँदा सरकार मौन बसिदिन्छ ।

संसद्को अघिल्लो अधिवेशन लामो समय अवरोधमा बित्यो । त्यसमा प्रतिपक्षले अड्को थापेको भनेर आलोचना भयो । तर प्रतिपक्षले कुनै विषयमा जवाफ माग्दा सत्तापक्षले सधैं टारिरहने र आफ्नो जिम्मेवारी बहन नगर्ने हो भने संसद्को गरिमा कसरी कायम रहन्छ ? प्रतिपक्षले सधैं विरोध मात्र होइन, रचनात्मक सुझाव र कतिपय राम्रा काममा ऐक्यबद्धता पनि गर्नुपर्छ । सँगसँगै सत्तापक्षले पनि संसद्मा उठेका विषयलाई गम्भीररूपमा लिने र त्यसको जवाफ दिने दायित्वबोध गर्नुपर्छ । विभिन्न भ्रष्टाचारका काण्डबारे संसद्मा आवाज उठाउँदा सरकारले ती विषयमाथिको अनुसन्धान कसरी चलिरहेको छ भनेर जवाफ दिनसक्नुपर्यो । प्रतिपक्षले उठाएको प्रश्नको जवाफ नआएपछि त्यसबारे झक्झकाउने र जवाफ माग्ने काम त स्वाभाविक हुन्छ । यसैलाई प्रतिपक्षले अवरोध गऱ्यो, काम गर्न दिएन भन्नु बुझाइमा कमजोरी हो ।

